## बैठक संख्या - २

आज मिति २०७८ साल जेष्ठ महिनाको २५ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल ज्यू | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी ज्यू | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री बाबुराम अधिकारी | |
| ४ | वडाध्यक्ष | श्री भक्तु चौधरी | |
| ५ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ६ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ७ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ८ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ९ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | अनुपस्थित |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १३ | सदस्य | श्री रमा भण्डारी | |
| १४ | सदस्य | श्री मिना पुन | |
| १५ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १६ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १७ | सचिब | श्री लाल बहादुर योगी | |

आमन्त्रित :-

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं (लेखा) ।

श्री पुनाराम शर्मा , अधिकृत छैठौं ।

Scanned with CamScanner

## मिति २०७८/०२/२५ गतेको गाउँकार्यपालिकाको बैठकमा प्रेसित प्रस्तावहरू :

१. गढवा गाउँकार्यपालिकाको प्रवक्ता सम्बन्धमा ।

२. गढवा गाउँ कार्यपालिका अर्न्तगतका विभिन्न विषयगत समितिहरू गठन सम्बन्धमा ।

३. गढवा गाउँपालिका अर्न्तगत गठन हुने राजश्व परामर्श समितिका लागि कार्यपालिकाको तर्फबाट सदस्य मनोनयन सम्बन्धमा ।

४. गढवा गाउँपालिका अर्न्तगत गठन हुने श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका लागि कार्यपालिकाको तर्फबाट सदस्य मनोनयन सम्बन्धमा ।

५. गढवा गाउँपालिकामा टोल विकास संस्था गठन सम्बन्धमा ।

६. गढवा गाउँपालिकाको सर्पदंश उपचार केन्द्रमा एम वि वि एस डक्टरको व्यवस्था सम्बन्धमा ।

७. प्रदेश सरकारको योजनाको अधुरो कार्यक्रम र बाँकी बजेटले थप कार्य कार्यान्वियन सम्बन्धमा ।

८. गढवा गाउँपालिका अर्न्तगत यस आ.व. २०७८/०७९ मा विनियोजित तर हालसम्म सम्झौता हुन बाँकी योजना सम्बन्धमा ।

९. प्रदेश सरकारमा प्रस्तावित समपुरक योजनाको समर्थन सम्बन्धमा ।

१०. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।

११. कृषि विकास शाखाको आ.व. २०७८/०७९ को कार्यक्रम अर्न्तगत ५० प्रतिशत अनुदानमा पावर टिलर, धान काट्ने मेसिन (रिपर) र विद्युतिय पानी तान्ने मोटर वितरण कार्यक्रम सम्बन्धमा ।

१२. यस गाउँकार्यपालिकामा पर्न आएका आर्थिक सहयोगका निवेदन सम्बन्धमा ।

१३. विपद व्यवस्थापन कोषबाट वितरण गरेको राहत सामाग्री (जस्तापाता) सम्बन्धमा ।

१४. गढवा गाउँकार्यपालिकाबाट हुने निर्णयहरू वेबसाईटमार्फत प्रकाशन गर्ने सम्बन्धमा ।

१५. विविध विषय सम्बन्धमा ।

**निर्णय नम्बर १:** प्रस्ताब नं. १ उपर छलफल गर्दा यस गढवा गाउँपालिका गाउँकार्यपालिकाले आफुले सम्पादन गरेका कार्य वा निर्णयहरू सार्वजनिक जानकारीमा ल्याउनका लागि गढवा गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १७ मा भएको व्यवस्था बमोजिम यस गढवा गाउँकार्यपालिकाका सदस्य श्री भक्तु चौधरीलाई गाउँकार्यपालिकाको प्रवक्ताको जिम्मेवारी दिने सर्वसम्मत्तिले निर्णय गरियो ।

**निर्णय नम्बर २:** प्रस्ताब नं. २ उपर छलफल गर्दा यस गढवा गाउँकार्यपालिकाले कार्यपालिकामा निर्णयको लागि पेश भएका प्रस्तावमा निर्णय गर्नुपूर्व आवश्यक्ता अनुसार राय सल्लाह र सुझाब लिनका लागि गढवा गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १६ को उपनियम १ मा व्यवस्था गरिएका ६ वटा समितिहरू नियम १६ को उपनियम २ बमोजिम रहने तपशिल बमोजिमका ६ वटा विषयगत समितिहरूमा ३/३ जना पदाधिकारीहरू रहने र साढे दुई (२.५) वर्षपछि पुनः जिम्मेवारी साटफेर हुनेगरि सर्वसम्मत्तिले गठन गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

१.सार्वजनिक सेवा तथा क्षमता विकास समिति
संयोजक : राहुलदेव चौधरी
सदस्य : मान बहादुर नेपाली
सदस्य : चन्द्रा के.सी.

२ आर्थिक विकास समिति
संयोजक : हरिभगत चौधरी
सदस्य : मिना पुन
सदस्य : हेमन्ती कुमारी कुमाल

३. सामाजिक विकास समिति
संयोजक : बाबुराम अधिकारी
सदस्य : लेखराज थापा
सदस्य : रमा भण्डारी

४. पूर्वाधार विकास समिति
संयोजक : विर बहादुर आले
सदस्य : अब्दुल खालिक सिद्दिकी
सदस्य : सूर्य बहादुर नेपाली

५. वातावरण तथा विपद व्यवस्थापन समिति
संयोजक : तुलसीराम अधिकारी
सदस्य : राहुलदेव चौधरी
सदस्य : हेमन्ती कुमाल

६. विधेयक समिति
संयोजक : लेखराज थापा
सदस्य : बाबुराम अधिकारी
सदस्य : भक्तु चौधरी

**निर्णय नम्बर ३:** प्रस्ताब नं. ३ उपर छलफल गर्दा यस गढवा गाउँपालिकामा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६५ बमोजिम स्थानीय राजश्व परामर्श समिति गठन गर्ने व्यवस्था बमोजिम गाउँकार्यपालिकाले मनोनित गर्ने स्थानीय राजश्व परामर्श समितिका सदस्यहरूमा गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना सदस्यहरूमा तपशिल बमोजिम कार्यपालिका सदस्यहरू सर्वसम्मतिले मनोनित गरियो ।

१. विर बहादुर आले मगर
२. रमा भण्डारी

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

**निर्णय नम्बर ४:** प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गढवा गाउँपालिकामा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६६ बमोजिम श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति गठन गर्ने व्यवस्था बमोजिम गाउँकार्यपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिका सदस्यहरूमा गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्य मध्येबाट महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुनेगरि चार जना सदस्यहरूमा तपशिल बमोजिम कार्यपालिका सदस्यहरू चयन गर्ने निर्णय गरियो ।

१. हरिभगत चौधरी
२. मान बहादुर नेपाली
३. सूर्य बहादुर नेपाली
४. चन्द्रा के.सी.

**निर्णय नम्बर ५:** प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस गढवा गाउँपालिकामा अर्न्तगतका गाउँबस्तीहरूमा सामाजिक, आर्थिक, साँस्कृतिक रूपमा गाउँबस्तीको विकासमा टेवा पुर्‍याउनका लागि टोल विकास संस्था गठन गर्ने सम्बन्धमा यस अघि नै टोल विकास संस्था गठन तथा सञ्चालन कार्यविधि २०७५ स्थानीय राजपत्रमा प्रकाशन भईसकेको जानकारी गराईयो साथै अब आगामी आ.व. २०७९/०८० देखि सोही बमोजिम टोल विकास समिति गठन गरि उक्त समितिहरूलाई सामाजिक, आर्थिक, सांस्कृतिक रूपमा गाउँटोलको विकासका लागि जिम्मेवार बनाउदै समग्र टोलको विकासका लागि परिचालन गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ६:** प्रस्ताब नं. ६ उपर छलफल गर्दा यस गढवा गाउँपालिका अर्न्तगत गढवा स्वास्थ्य चौकीमा कार्यरच एम बि बि एस डक्टर श्री केदार अधिकारीलाई कार्यालय समयका अतिरिक्त गढवा स्वास्थ्य चौकीमा रहेको आकस्मिक कक्ष तथा दाङ देउखुरी सर्पदंश उपचार केन्द्रमा कामकाजमा लगाउने र अतिरिक्त कामकाजमा लगाए बापत प्रोत्साहन स्वरूप प्रदान गरिने सेवा सुविधा सम्बन्धमा आवश्यक तयारी गरि प्रोत्साहन कार्यविधि तयार पारि सोही बमोजिम गर्ने र सो कार्यविधि तयारीका लागि यस कार्यपालिका अर्न्तगतको विधेयक समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नम्बर ७:** प्रस्ताब नं. ७ उपर छलफल गर्दा यस गढवा गाउँपालिका अर्न्तगत प्रदेश सरकारबाट विनियोजित योजनाहरूको हकमा केही स्थानमा उक्त योजनाहरू अधुरो देखिएको तथा केही स्थानहरूमा तत्काल थप निर्माण कार्य आवश्यक देखिएको सन्दर्भमा प्रदेश सरकारबाट विनियोजित बजेटमा ठेक्का आह्वान हुँदा कबोल अङ्क विनियोजित रकमभन्दा कम भएको योजनाहरूको हकमा यही आषाढ २० गतेसम्म कार्यसम्पन्न गरिसक्नुपर्ने शर्तमा बिलो गएको रकम बराबरको सोही स्थानमा उर्पयुक्त पक्रियाबाट अधुरो कार्य वा थप निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नम्बर ८:** प्रस्ताब नं. ८ उपर छलफल गर्दा यस गढवा गाउँपालिका अर्न्तगत यस आ.व. २०७८/०७९ मा विनियोजित तर हालसम्म सम्झौता हुन बाँकी योजना सम्बन्धमा यही आषाढ महिनाको १५ गतेसम्म कार्यसम्पन्न गरिसक्नुपर्ने र सम्पन्न हुन नसकेमा थप निरन्तरता नदिने शर्तमा यही मिति २०७९/०२/२७ गतेसम्म थप सम्झौता गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

**निर्णय नम्बर ९ः** प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस गढवा गाउँपालिकाको तर्फबाट लुम्बिनी प्रदेश सरकार समक्ष यस आ.व. २०७९/०८० का लागि तपशिल बमोजिमका प्रदेश समपुरक योजनाहरू माग गरिएकोमा उक्त योजनाहरू सर्मथन गर्ने निर्णय गरियो ।
तपशिल :

| | |
|---|---|
| १.वडा नम्बर ६ मतपुर पिपलडाँडा देखि खबरी उपल्लो टोलसम्म बाटो पक्कि नाली सहित स्तरोन्नती, | १ करोड |
| २. आधारभुत स्वास्थ्य ईकाई नया भवन निर्माण शान्तीपुर वडा नम्बर ७, | ५० लाख |
| ३. मलमला बाटो कालोपत्रे वडा नम्बर १ | ५० लाख |
| ४. लालपुरको पुल देखि उत्तरतर्फ लोखरपुर जाने बाटो कालोपत्रे वडा नम्बर ५, | ५० लाख |
| ५. गढवा कालाकाटे हुलाकी सडक देखि ४ नम्बर वडा कार्यालय सुतैया देखि कटियान गाउँसम्म बाटो स्तरोन्नती सहित कालोपत्रे | ५० लाख |

जम्मा योजना : ३ करोड ( गाउँपालिकाको तर्फबाट व्ययभार पर्ने : १ करोड ५० लाख)

**निर्णय नम्बर १०ः** प्रस्ताब नं. १० उपर छलफल गर्दा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वियन सम्बन्धमा यस गढवा गाउँपालिकाका सबै वडाहरूमा संकलन भएको घरधुरी सर्वेक्षण फाराम वडा तहबाटै प्राविधिकहरू खटाई, प्राविधिकहरू उपलब्ध नभएको वा नभ्याउनेहरूको हकमा डोर हाजिरीमा प्राविधिकको व्यबस्था गरि घरधुरी सर्बेक्षण कार्यमा खटाएर सम्पूर्ण फारामहरूको वडा तहबाटै एकिन गरि यही जेष्ठ मसान्तसम्म गाउँकार्यपालिकामा सर्बेक्षण फाराम पठाउने र डोर हाजिरीमा खटाईएका प्राविधिकहरूको हकमा प्रति फाराम रू ३० (अक्षेरेपी तीस रूपैया) का दरले गाउँकार्यपालिकाबाट सम्झौता गरि सोही बमोजिम आन्तरिक श्रोतबाट भुक्तानी समेत हुनेगरि कार्यक्रम कार्यान्वयन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नम्बर ११ः** प्रस्ताब नं. ११ उपर छलफल गर्दा गढवा गाउँपालिका कृषि विकास शाखाको आ.ब. **२०७८।७९ को स्वीकृत कार्यक्रम अनुसार मिति २०७८/०९/२२ गते प्रकाशित ५०% अनुदानमा पावर टिलर, धान काट्ने मेसिन (रिपर) र विघुतिय पानी तान्ने मोटर वितरण कार्यक्रममा कृषकले पेश गरेको आवेदन अनुसार उक्त आवेदकहरूको मिति २०७८।१२।२४ गते देखि २०७८।१२।२९ गते सम्म फिल्ड अनुगमन गरी कृषि विकास शाखाबाट तपशिल बमोजिमका कृषक समूह, सहकारी, फर्ममा आवद्ध कृषकहरूलाई सिफारिस गरिएकोमा सो को समर्थन गर्ने निर्णय गरियो ।**

छनौट भएका कृषक उद्यमी, कृषक समूह, कृषक सहकारीहरुको नामावली

| क्र.स. | कृषक समूह, कृषक सहकारी, कृषि फर्महरुका नाम | कृषकको नामथर | ठेगाना | पावर टिलर | धान काट्ने मेसिन (रिपर) | मोटर |
|---|---|---|---|---|---|---|
| १. | कोसीस कृषक समुह | सोम प्रसाद चौधरी ( अध्यक्ष) | गढवा-२, कोठरी | | | ३ |
| २. | साना किसान कृषि स.सं.लि | राजु चौधरी | गढवा-२, महदेवा | १ | | |

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | समान कृषि सहकारी सं. लि | हरिराम यादव (अध्यक्ष) | गढवा-२, पनेहिया | | १ | २ |
| ४. | साना किसान कृषि सहकारी संस्था लि. | धनिराम चौधरी | गढवा-२, गोबरी | १ | | |
| ५. | हरियाली कृषक समुह | दुखाराम चौधरी | गढवा-३, रतनपुर | १ | | |
| ६. | लालीगुराश पोल्ट्री तथा बहुउद्देशीय कृषि फर्म | भगवती थापा | गढवा-४, परसपुर | १ | | |
| ७. | उन्नतशील कृषक समुह | प्रजेन्द्र कुमार चौधरी | गढवा-४, कटिमानगाउँ | | | १ |
| ८. | सालभुण्डी कृषि सहकारी संस्था लि. | भगौती प्रसाद यादव(अध्यक्ष) | गढवा-४, रामनगर | १ | | |
| ९. | सृजना कृषक समुह | बसन्त बहादुर भण्डारी | गढवा-४, छतैया | | | १ |
| १०. | सृजना कृषक समुह | टुकमान कमर | गढवा-४, रामनगर | १ | | |
| ११. | निलम मत्स्य तथा कृषि फर्म | निलम कुमार चौधरी | गढवा-४, कटिमानगाउँ | | १ | |
| १२. | लालगुराँश कृषक समुह | भुपलाल चौधरी (अध्यक्ष) | गढवा-४ ,खड्गपुर | १ | | २ |
| १३. | उन्नतशील कृषक समुह | रामदेव चौधरी | गढवा-४, कटिमानगाउँ | १ | | |
| १४. | उन्नतशील कृषक समुह | संदिप कुमार चौधरी | गढवा-४, कटिमानगाउँ | | | १ |
| १५. | विष्णु भिमा कृषि तथा पशु फर्म | सोफिया भण्डारी | गढवा-५, नाँकी | | १ | |
| १६. | सृजनशिल कृषक समुह | सरिता चौधरी | गढवा-५, धर्मपुर | १ | | |
| १७. | उन्नती कृषक समुह | अशोक कुमार यादव | गढवा-५, सोनपुरवा | १ | | |
| १८. | सयपत्री कृषक समुह | मन्नी चौधरी | गढवा-५ मधर | | | ३ |
| १९. | लावाजुनी कृषक समुह | सुर्य चौधरी | गढवा- ५ धर्मपुर | | | १ |
| २०. | कृष्णवंशी कृषक समूह | जगराम यादव | गढवा-६, प्रगाहा | १ | | |
| २१. | साझा कृषि समुह | बिन्तीराम यादव (अध्यक्ष) | गढवा-६, प्रगाहा | १ | | |
| २२. | युवा कृषक समुह | केशराम यादव | गढवा-६ बालापुर | | १ | |

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३. | पौष्टिक कृषि सहकारी संस्था लि. | पतवारी गावन | गढवा-६ | | १ | |
| २४. | परी कृषि सहकारी संस्था लि. | अनुपा चौधरी | गढवा-६ हाँसिपुर | | | १ |
| २५. | परी कृषि सहकारी संस्था लि. | कृष्ण कुमारी चौधरी | गढवा-६, हाँसिपुर | | | १ |
| २६. | लक्ष्मी महिला कृषक समुह | सगुन्ता गुरुङ | गढवा-६, सिँगाहा | | १ | |
| २७. | राप्ती चेतनशिल कृषक समुह | दान बहादुर चौधरी | गढवा -७ भारनैरा | | | ४ |
| २८. | नविकरण कृषक समुह | भगत बहादुर चौधरी | गढवा-७ घोराहा | | | २ |
| २९. | सुजना कृषि फर्म | सुजना चौधरी | गढवा-७ कान्छीगाउँ | १ | | |
| ३०. | परी कृषि सहकारी संस्था लि. | भोजराज चौधरी | गढवा-७ मानपुर | | १ | |
| ३१. | गंगा कृषि सहकारी संस्था लि. | बसन्त राज अर्याल | गढवा -७ | | | १ |
| ३२. | प्रभावकारी कृषि सहकारी संस्था लि. | भगालु चौधरी | गढवा -७ मानपुर | | १ | ५ |
| ३३. | गुरास महिला कृषक समुह | हिरा कुमारी चौधरी | मानपुर ७ मोतीपुर | १ | | |
| ३४ | लालजुनी कृषक समुह | महकी चौधरी | गढवा ५ धर्मपुर | १ | | |
| | **जम्मा** | | | १५ | ८ | २८ |

**निर्णय नम्बर १२:** प्रस्ताव नं. १२ उपर छलफल गर्दा गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा आर्थिक सहयोग सम्बन्धा पर्न आएका निवेदन सम्बन्धमा निवेदकले पेश गरेको विवरण जाँचबुझ गर्दा सोही बमोजिम आधिकारीता प्रमाणित भई आएगा तपशिल बमोजिम आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | नाम | ठेगाना | विवरण | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | भानमति यादव | गढवा ६ | स्थानीय तह निर्वाचन २०७९ को समयमा सर्वोदय प्रा.वि. मतदान केन्द्रमा आएको हावाहुरीले छानो उडाउदा भत्केको ईटाले कम्मर र पिठ्युमा गहिरो चोट लागेको र आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले | १०,०००।- | |
| २ | अम्जद खान | गढवा ६ | जन्माबस्था देखि नै मुटु रोगको विरामी भईरहेको, धेरै ठाँउ औषधी उपचार गराउदा पनि निको नभएको र घरको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले बच्चाको पालनपोषन र थप उपचारको लागि | १०,०००।- | |
| ३ | सुमन अधिकारी | गढवा ७ | गत वर्षदेखि मृगौला रोगको विरामी भएको र अति विपन्न परिवार भएकोले औषधी उपचारको लागि | १०,०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | अनिल घर्ति मगर | गढवा ६ | कृत्रिम खुट्टा प्रत्यारोपन गरेको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले उक्त प्रयोजनको लागि काठमाडौं जाने आउने यातायात तथा आवास खर्च स्वरूप आर्थिक सहयोग | १०,०००।- | |

**निर्णय नम्बर १३:** प्रस्ताब नं. १३ उपर छलफल गर्दा गढवा गाउँपालिका यही २०७९ साल जेष्ठ महिनाको पहिलो र दोस्रो साताको विभिन्न मितिमा आएको हावाहुरीका कारण कयौंको घरको छानो उडाएकोमा मिति २०७९/०२/१२ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार तपशिल बमोजिमका घरधनिहरूलाई विपद व्यवस्थापन कोषबाट राहत वापत २ वण्डल जस्तापाता र धुरी मोड्ने पाता वितरण गरेकोमा सो को सर्मथन गर्ने निर्णय गरियो ।

तपशिल :

| सि.नं. | राहत पाउने व्यक्तिको नाम | ठेगाना | परिमाण | कै. |
|---|---|---|---|---|
| १ | राम नारायण चौधरी | गढवा-२, कोठरी | १४ पाता १० फुट धुरी | |
| २ | राजेन्द्र बहादुर जिसी | गढवा-१, वनवारी | १४ पाता १० फुट धुरी | |
| ३ | मुकेश चौधरी | गढवा-२, महदेवा | १४ पाता १० फुट धुरी | |
| ४ | दिनेश कुमार सुनार | गढवा-४, अजगढवा | १४ पाता १० फुट धुरी | |
| ५ | दिपक चौधरी | गढवा-४, अजगढवा | १४ पाता १० फुट धुरी | |
| ६ | मदन सुनार | गढवा-४, अजगढवा | १४ पाता १० फुट धुरी | |
| ७ | राम सिंह चौधरी | गढवा-४, अजगढवा | १४ पाता १० फुट धुरी | |
| ८ | छविलाल यादव | गढवा-३, गोविरडिहा | १४ पाता १० फुट धुरी | |
| ९ | भिम बहादुर खड्का | गढवा-४, अजगढवा | १४ पाता १० फुट धुरी | |
| १० | विनोद कुमार चौधरी | गढवा-४, अजगढवा | १४ पाता १० फुट धुरी | |
| ११ | सिर्जना परियार | गढवा-१, कलौनी | १४ पाता १० फुट धुरी | |
| १२ | ममता कुमाल | गढवा-४, नयाँबस्ती | १४ पाता १० फुट धुरी | |
| १३ | मतीराम चौधरी | गढवा-४, नयाँबस्ती | १४ पाता १० फुट धुरी | |
| १४ | धनी चौधरी | गढवा-४, पर्सा | १४ पाता १० फुट धुरी | |
| १५ | रोशन चौधरी | गढवा-५, बाँकी | १४ पाता १० फुट धुरी | |
| १६ | शिव नारायण चौधरी | गढवा-५, चैनपुर | १४ पाता १० फुट धुरी | |
| १७ | सर्वोदय प्रा.वि. | गढवा-६, दाङ | १४ पाता १० फुट धुरी | |
| १८ | सुभाष भण्डारी | गढवा-३, धैरेनी | १४ पाता १० फुट धुरी | |
| १९ | गणेश कुमार चौधरी | गढवा-२, महदेवा | १४ पाता १० फुट धुरी | |
| २० | रामप्यारी यादव | गढवा-५, बाँकी | १४ पाता १० फुट धुरी | |
| २१ | मिठी दमाई | गढवा-५, चैनपुर | १४ पाता १० फुट धुरी | |
| २२ | कृष्ण बहादुर मगर | गढवा-४, दाङ | १४ पाता १० फुट धुरी | |
| २३ | सिर्जना परियार | गढवा-१, कलौनी | १४ पाता १० फुट धुरी | |
| २४ | गोविन्दे सुनार | गढवा-१, टहडा | १४ पाता १० फुट धुरी | |
| २५ | कुमार विक | गढवा-१, टहडा | १४ पाता १० फुट धुरी | |
| २६ | पुस्तपी सुनार | गढवा-१, टहडा | १४ पाता १० फुट धुरी | |
| २७ | भगत नारायण चौधरी | गढवा-२, महदेवा | १४ पाता १० फुट धुरी | |
| २८ | कम बहादुर चौधरी | गढवा-२, महदेवा | १४ पाता १० फुट धुरी | |
| २९ | तेज बहादुर चौधरी | गढवा-३, गोवरडिहा | १४ पाता १० फुट धुरी | |
| ३० | टिकाराम चौधरी | गढवा-३, गोवरडिहा | १४ पाता १० फुट धुरी | |
| ३१ | अम्मर बहादुर सुनार | गढवा-४, अजगढवा | १४ पाता १० फुट धुरी | |
| ३२ | शुक्र बहादुर कुमाल | गढवा-१, दुम्रे वैरा | १४ पाता १० फुट धुरी | |
| ३३ | सन्त योगी | गढवा-२, महदेवा | १४ पाता १० फुट धुरी | |

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३४ | गोपाल सुनार | गढवा-२, चिमचिमे | १४ पाता १० फुट धुरी | |
| ३५ | कृष्णा चौधरी | गढवा-३, गोवरडिहा | १४ पाता १० फुट धुरी | |

**निर्णय नम्बर १४:** प्रस्ताव नं. १४ उपर छलफल गर्दा यस गढवा गाउँपालिकामा विद्युतिय शासनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न, गाउँकार्यपालिकाबाट भए गरेका सम्पूर्ण निर्णयहरूलाई सहजरूपमा विषयगत शाखा, वडा कार्यालयहरू, सरोकारवाला निकाय र आम गढवाबासीहरूलाई सुसुचित गर्न, सेवा प्रवाहमा पारदर्शिता कार्यम गर्न र आम नागरिकलाई सूचनाको हकको प्रत्याभुति दिलाउन गाउँकार्यपालिकाबाट भएगरेका सम्पूर्ण निर्णयहरू गाउँपालिकाको वेबसाईटमा राख्ने निर्णय गरियो ।

**निर्णय नम्बर १५:** विपद व्यवस्थापन सम्बन्धमा यस गढवा गाउँपालिकामा यही २०७९ साल जेष्ठ महिनाको पहिलो र दोस्रो साताको विभिन्न मितिमा आएको हावाहुरीका कारण विभिन्न सरकारी विद्यालयहरू र केही वडा कार्यालयहरू समेत क्षतिबाट प्रभावित भएकोले उक्त क्षेतिग्रस्त संरचनाहरूको मर्मतको लागि प्राविधिक शाखाबाट तयार भएको लगत ईस्टिमेट अनुसारको कामकाज गर्ने र सो को भुक्तानी विपद व्यवस्थापन कोषबाट हुनेगरि मर्मत संभार कार्य गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नम्बर १६:** कर्मचारी व्यवस्थापन सम्बन्धमा यस गढवा गाउँपालिकामा गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू र विभिन्न स्वास्थ्य संस्थाहरूमा भएको कर्मचारी अभाव र त्यसबाट सेवा प्रवाहमा पर्न गएको असरलाई मध्यनजर गर्दै सो सम्बन्धमा विस्तृत अध्ययन गरि आवश्यक निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर १७:** अस्थाई क्रसर सम्बन्धमा यस गढवा गाउँपालिकाको क्षेत्रभित्र संचालित क्रसरहरू नियमित अनुगमन गर्ने, डम्पिङ गरि राखेको परिमाण नापजाँच गर्ने, सम्झौता भन्दा बढि उत्खनन् गरेको पाईएमा बढि भएको परिमाणको राजश्व र सो को जरिवाना समेत दाखिला गर्न लगाई थप उत्खनन् कार्यमा रोक लगाउने र आगामी दिनहरूमा पनि उक्त क्रसरहरूको नियमितत नियमन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नम्बर १८:** गढवा बजारमा रहेका सटर भाडा सम्बन्धमा यस गढवा गाउँपालिकाका अर्न्तगत ६ नम्बर वडा कार्यालयको परिसरमा गढवा बजारको चोकदेखि उत्तर र पूर्व तर्फ गढवा गाउँपालिकाद्वारा व्यवसायीक प्रयोजनका लागि निर्माण गरिएका सटरहरू निश्चित दरमा भाडा सम्झौता गरी विभिन्न व्यवसायीहरूलाई भाडामा उपलब्ध गराईएकोमा हालसम्म केही व्यवसायीहरूले सम्झौता अनुसारको भाडा रकम नबुझाएको र भाडा रकम समयमै कार्यालयमा वा कार्यालयको बैङ्क खातामा बुझाउनका लागि पत्राचार गर्दापनि अटेरी गरिरहेकोले सो सम्बन्धमा ठोस कदम चाल्नुअघि उक्त व्यवसायीहरूलाई आउँदो गाउँकार्यपालिकाको बैठकमा बोलाई आवश्यक छलफल गर्ने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner